# आकाशवाणी

## 3-1-2026

मुख्य समाचार।

- परम्परागत बुद्धिमत्ता र आधुनिक विज्ञानको एकीकरण स्वस्थ जीवनका लागि महत्वपूर्ण रहेको उपराष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्ध संग सम्बन्धीत पि-परहवाको पवित्र अवशेषहरूको भव्य अन्तर्राष्ट्रीय प्रदर्शनीको गर्नुभयो उद्धाटन
- एन.सी.सी कॅडेट गणतन्त्र दिवस शिविर दुई हजार छब्बिसमा देश भरका कुल दुई हज़ार चार सय छ एन.सी.सी कॅडेटले भाग लिनेछन्, अनि
- रेल मन्त्री अश्विनी वैष्णवले देशको पहिलो वन्दे भारत स्लीपर रेलगाड़ीको गर्नुभयो निरीक्षण

-------------

## 53 उपराष्ट्रपति-सिद्ध दिवस

उपराष्ट्रपति सी .पी राधाकृष्णनले भन्नुभएकोछ, परम्परागत बुद्धिमत्ता र आधुनिक विज्ञानको एकीकरण स्वस्थ जीवनका लागि महत्वपूर्ण छ। चेन्नाईमा आज राष्ट्रीय सिद्ध दिवस संग सम्बन्धित कार्यक्रममा उहाँले भन्नुभयो ,सिद्ध एक जीवन्त परम्परा हो अतीतको अवशेष होइन । उपराष्ट्रपतिले महान ऋषि अगस्त्यलाई श्रद्धान्जलि पनि अर्पण गर्नुभयो । उहाँले समकालीन स्वास्थ्य सेवामा औषधिको सिद्ध पद्धतिको टिकाऊ प्रासङ्गिकताको उल्लेख गर्नुभयो । उपराष्ट्रपतिले भन्नुभयो,

आयुष अन्तर्गत सिद्ध, आयुर्वेद, यूनानी र योग जस्तो परम्परागत स्वास्थ्य प्रणालीहरू समयको कसौटीमा परिक्षित चिकित्सा विधा हो । यसले  करोड़ौं मानिसको आरोग्यमा सतत योगदान दिरहेकोछ।

## 33 नया प्रधानमंत्री-पिपरहवा अवशेष

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भगवान बुद्ध द्वारा देखाइएको मार्ग र ज्ञान समस्त मानवताका लागि र उनका पवित्र अवशेष मात्र कलाकृतीहरू नभएर , देशको पूजनीय विरासतको अभिन्न अङ्ग हो। उहाँले भन्नुभयो, यो अवशेष देशको सभ्यताको अभिन्न अङ्ग हो। श्री मोदीले आज नयाँ दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्ध संग सम्बन्धीत पि-परहवाको पवित्र अवशेषहरूको भव्य अन्तर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुभयो । यसको शीर्षक **प्रकाश र कमल: प्रबुद्ध व्यक्तिको अवशेष** हो। उहाँले यस प्रदर्शनीको  सूचीको पनि अनावरण गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, लामो पर्खाई पछि देशको विरासत फर्किएर आएकोछ ।

बौद्ध विरासत बारे प्रधानमन्त्रीले भन्नुभयो, भारतले विश्व भरमा बौद्ध विरासत स्थलहरूको विकासमा योगदान दिनेका लागि निरन्तर प्रयास गरेको छ। श्री मोदीले बन्नुभयो, भगवान बुद्धको शिक्षाहरू मूल रूपले पाली भाषामा छ र उहाँको

सरकारको प्रयास पाली भाषालाई व्यापक स्तरमा मानिस सम्म पुर्याउनु हो । उहाँले भन्नुभयो, पालीलाई शास्त्रीय भाषाको दर्जा दिइएकोछ।

Byte-1 pm Buddha

36 एनसीसी- गणतंत्र दिवस कैंप

एन.सी.सी कडेट गणतन्त्र दिवस शिविर दुई हजार छब्बिसमा देश भरका कुल दुई हज़ार चार सय छ एन.सी.सी कडेटले भाग लिनेछन् जसमा आठ सय अन्ठानब्बे महिला शामेल छन् । पछिल्लो वर्षको तुलनामा सबै राज्यमा महिला कडेटको संख्यामा बढोतरी भएको छ। आज नयाँ दिल्लीमा संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै, एन.सी.सीका लेफ्टिनेन्ट जनरल वीरेन्द्र वत्सले भन्नुभएकोछ, जम्मू-कश्मीरका साथ-साथै लद्दाखबाट एक सय सताइस कडेट र नर्थ ईस्ट क्षेत्रबाट एक सय एकतिस कडेटले यसमा भाग लिदैछन् । गणतन्त्र दिवसको परेडको क्रममा , कडेट Firing र Marching टोली सहित विभिन्न गतिविधिहरू

सहभागी हुनेछन्, जो अठाइस् जनवरीमा प्रधानमत्रीको र◌ेलीका साथ समाप◌्त हुन्छ ।

## 35 राजनाथ - दिल्ली

रक्षा मन्त्री राजनाथ सिंहले आज दिल्ली विधानसभामा भारत रत्न अटल बिहारी वाजपेयी र पण्डित मदन मोहन मालवीयको तस्वीरको अनावरण गर्नुभयो । यस कार्यक्रममा, श्री सिंहले 'भारत माता' नामको एउटा कफी टेबल पुस्तक पनि जारी गर्नुभयो । य◌ो किताब राष्ट्रीय गीत वन्दे मातरमको रचनाको एक सय पचास वर्ष पूर◌ा ह◌ुने अवसरमा भारतीय राष्ट्रीय चेतनाको रचनात्मक र कलात्मक अभिव्यक्तिलाई समर्पित छ । श्री राजनाथ सिंहले भन्नुभयो, य◌ो केवल यी  द◌ुई महान हस्त◌ीहरूको योगदानको सम्मान गर्ने अवसर नभएर, य◌ो देशको संसदीय परम्परा, नैतिक राजनीति र राष्ट्रवादको भावनाको सम्मान गर्ने क्षण पनि ह◌ो।

## 46 वंदे भारत स्लीपर - वैष्णव

रेल मन्त्री अश्विनी वैष्णवले आज देशको पह◌िल◌ो वन्दे भारत स्लीपर रेलगाड़ीके निरीक्षण गर्नुभयो । श्री वैष्णवले बताउनुभयो, य◌ो रेलगाड़ी रात्रिकालीन र ल◌ामो दूरीको यात्राका लागि डिज◌ाइन गरिएको छ । रेल मन्त्रीले भन्नुभयो,

पूर्णरूपले वातानुकूलित रेलगाड़ी यसै महीना गुवाहाटी र कोलकाता बीच शुरू  गरिनेछ। उहाँले भन्नुभयो, भारतीय रेलको लामो दूरीको यात्रामा यो महत्वपूर्ण सुधारको प्रतीक हो। उहाँले भन्नुभयो, वन्दे भारत स्लीपर रेलगाड़ी तेज यात्रा, आराम र आधुनिक सुरक्षा प्रणालीहरूसले सुसज्जित छ । श्री वैष्णवले बताउनुभयो , यस रेलगाड़ीमा अत्याधुनिक यात्री सुविधामा आरामदायक स्लीपर बर्थ, स्वचालित दैलो  र आधुनिक शौचालय शामेल छ।

## 12 संशो ट्रम्प-वेनेजुएला

अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभएको छ, वेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नीलाई पक्ड़ाउ गरिएको छ र उनीहरूलाई देश बाहिर लगिएकोछ । अमरीकाले आज बिहान वेनेजुएलामा ठूले हमला गरेको थियो । श्री ट्रम्पले सोशल मीडिया पोस्टमा भन्नुभयो, यो कार्रवाई अमरीकी कानून प्रवर्तन एजेन्सीहरूको सहयोगले गरिएको थियो ।

बिहानै वेनेजुएलाको राजधानी कारा-कासमा केही ठूलो विस्फोटोको आवाज सुनियो भने, वेनेजुएलाले अमरीकी सरकारको कड़ा आलोचना गर्दै त्यसमा अत्यन्त गम्भीर सैन्य आक्रामकताको आरोप लगाएको छ ।रूसले वेनेजुएलामा

अमेरिकी सैन्य हमलाको निन्दा गरेकोछ । रूसको विदेश मन्त्रालयले वेनेजुएलामा अमरीकी सशस्त्र आक्रामकताको निन्दा गर्दै संयम अप्नाउने आग्रह गर्यो र तनाव बढ्ने विरूद्ध चेतावनी दिएकोछ । मन्त्रालयले भनेकोछ, यी कार्रवाइहरूलाई उचित ठहराउनका लागि दिइएको बहाना निराधार छ। रूसले बातचीत र राजनयिक प्रयासहरूको सहयोग गर्नका लागि तयार रहेको बताएको छ। ।

## 37 चुनाव आयोग - ईसीआईएनईटी एप

निर्वाचन आयोगले सबै नागरिकलाई, ई.सी.आई नेट ऐप डाउनलोड गर्न आमन्त्रित गरेकोछ। यस एपमा 'सुझाव जमा गर्नुहोस् ' टेबको उपयोग गरेर नागरिकले आफ्नो सुझाव दिन सकिन् भनेर यसो भनिएको हो । नागरिकले यस महीनाको दस तारीख सम्म आफ्नो सुझाव जमा गर्न सक्नेछन् । ई.सी.आई नेट ऐप नागरिकका लागि एक एकीकृत एप हो जसले पहिलाको चालिस अलग-अलग चुनाव सम्बन्धी एप्लिकेशन जस्तो मतदाता हेल्पलाइन एप, सी.वी.आई.जी.आई.एल, सक्षम, मतदान रुझान र अपने उम्मीदवार को जानें – ऐपलाई एकै इन्टरफ़ेसमा एकीकृत गर्छ।

## 43 तेलंगाना - माओवादी आत्मसमर्पण

प्रतिबन्धित सी.पी.आई माओवादी संगठनको पीपुल्स लिब्रेशन गोरिल्ला आर्मी-को बटालियन कमाण्डर सहित बिस माओवादीहरूले हैदराबादमा तेलंगानाका पुलिस महानिदेशक शिवधर रेड्डीकासमक्ष आत्मसमर्पण गरेका छन् । बटालियन कमाण्डर बदसे सुक्का उर्फ देवा र तेलंगाना कमेटीका सदस्य कङ्कनला राजी रेड्डीका साथ अठाह्र अन्य माओवाले पनि आत्मसमर्पण गरे । उनीहरूका पासमा अमरीकी कोल्ट राइफल, इजरायली टेवोर राइफल, एके-47, इन्सास राइफल र एस.एल.आर राइफल सहित कुल अठचालिस हथियार, भारी मात्रामा गोला-बारूद र बिस लाख तीस हजार रुपियाँ नकद बरामद गरिएको छ।